# प्रेस विज्ञप्ती

३१ ज्येष्ठ, २०७३

## महत्वपूर्ण खाद्य सुरक्षा अनुगमन प्रणालीको स्वामीत्व अब नेपाल सरकारले लिने

काठमाण्डौं - आज युरोपियन युनियन र विश्व खाद्य कार्यक्रमले महत्वपूर्ण खाद्य सुरक्षा अनुगमन प्रणाली नेपाल सरकारलाई हस्तान्तरण गऱ्यो ।

खाद्य असुरक्षाका कारणले हुने मानव सङ्कटबाट बचाउनका लागि खाद्य सुरक्षाका जानकारीहरू संकलन तथा विश्लेषण गरी सम्बन्धित पदाधिकारीहरूलाई उपयूक्त कदम तथा कार्यक्रम तय गर्नका लागि सहयोग गर्ने उद्देश्यले नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली वा NeKSAP को सन् २००९ मा स्थापना गरिएको थियो ।

युरोपियन युनियनको सहयोग, राष्ट्रिय योजना आयोगको मार्गदर्शन तथा कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमको संयूक्त सहकार्यमा सञ्चालित NeKSAP, विश्व खाद्य कार्यक्रमद्वारा सन् २००२ मा स्थापित  खाद्य सुरक्षा अनुगमन प्रणालीबाट थप विकास तथा विस्तार गरिएको हो ।

आज काठमाण्डौंमा आयोजित एक हस्तान्तरण समारोहमा नेपाल सरकारले औपचारिक रूपमा NeKSAPको स्वामीत्व लिने अन्तिम चरणको कार्यक्रम सम्पन्न गऱ्यो ।  आगामी दिनमा नेपाल सरकार, कृषि विकास मन्त्रालयले यस प्रणालीको सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

“स्थानीयस्तरमा खाद्य सुरक्षाका चुनौतीलाई उपयुक्त तरिकाले सम्बोधन गर्न निर्णयकर्ताहरूलाई सही जानकारी समयमा नै उपलब्ध हुनुपर्ने हुन्छ । र यी जानकारीहरू NeKSAP ले उपलब्ध गराउन सक्दछ ।” विश्व खाद्य कार्यक्रमका प्रतिनिधि तथा राष्ट्रिय निर्देशक श्री पिप्पा ब्राडफोर्डले भन्नुभयो ।

"गत वर्षको भूकम्पमा जस्तै NeKSAP ले विपद पछि सबैभन्दा बढि प्रभावित भएको समुदाय पहिचान गर्न मद्दत गर्न सक्दछ । यसैगरी यसले चरम खाद्य सङ्कट आउनु अघि नै खाद्य सुरक्षा अवस्थाबारे पूर्व जानकारी गराउन सक्दछ । जस्तो कि हालै कर्णालीमा खडेरीको कारण भएको समस्याबारे पनि यसले पूर्व सूचना उपलब्ध गराएको थियो ।"

सरकार तथा विपदका क्षेत्रमा काम गर्ने संस्थालाई उपयुक्त समयमा कार्यक्रम सञ्चालन गरी नेपालको बहुसङ्ख्यक जनसङ्ख्या लाभान्वित हुनका साथै तथ्यमा आधारित नीति तथा कार्यक्रम निर्माणमा यो प्रणालीले योगदान पुऱ्याउन सक्दछ । उदाहरणका लागि कृषि विकास रणनीति तथा बहुक्षेत्रीय पोषण योजना ।

"आत्मसम्मानपूर्ण जीवन निर्वाहका लागि खाद्य सुरक्षा आवश्यक छ । खाद्य असुरक्षा सम्बोधन गर्न NeKSAP ले सान्दर्भिक तथ्याङ्क तथा जानकारीको अभिलेख राख्दछ । गएको वर्षको ठुलो भूकम्प पछि मानवीय सहायताका लागि NeKSAP मा भएको विज्ञताले छिटो भन्दा छिटो महत्वपूर्ण जानकारीहरू उपलब्ध गराई सहयोग गरेको थियो ।" युरोपियन युनियनका सहायता नियोग प्रमुख श्री आन्द्रियास रोटगरले भन्नुभयो । " NeKSAP को पहलमा युरोपियन युनियन पनि यस कार्यमा साझेदार हुन पाएकोमा गर्व महशुस गर्दछ । हामी खाद्य असुरक्षा दिगो रुपमा सम्बोधन गर्नकालागि समाधानका उपाय पहिचान गर्न NeKSAP ले निरन्तर रूपमा महत्वपूर्ण योगदान दिनेछ भन्ने अपेक्षा गर्दछौ ।" उहाँले थप भनाई राख्नु भयो ।

"नेपाल सरकारको खाद्य सुरक्षा अवस्था अनुगमन, विश्लेषण तथा सम्प्रेषण गर्नुका साथै यी जानकारीहरूलाई उपयोग गरी तथ्यमा आधारित योजना निर्माण तथा सञ्चालन गर्ने र क्षमता अभिबृद्धि गर्ने उद्देश्यले विगत चार वर्ष देखि NeKSAP संस्थागत भएको छ ।" कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईले भन्नुभयो । " NeKSAP लाई नेपाल सरकारमा समायोजन गर्ने विगतका महत्वपूर्ण प्रयासलाई थप संगठित गर्न हालै NeKSAP कार्य सञ्चालन निर्देशिका स्वीकृतीका लागि मन्त्री परिषदमा पेश गरिएको छ ।" उहाँले थप भनाई राख्नुभयो ।

NeKSAP **के हो ?**

- नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
- विश्व खाद्य कार्यक्रमले सन् २००२ मा स्थापना गरेको फिल्ड सर्भेक्षण प्रणालीलाई पछि सन् २००९ मा NeKSAP स्थापना गरी युरोपियन युनियनको सहयोग र विश्व खाद्य कार्यक्रम, कृषि विकास मन्त्रालय तथा राष्ट्रिय योजना आयोगको संयुक्त पहलमा सञ्चालित छ।
- यसले नेपाल सरकार तथा विपद/विकासका क्षेत्रमा कार्यरत संस्थालाई खाद्य सुरक्षा र ग्रामीण जीविकोपार्जनका अवस्थाबारे जानकारी दिई सङ्कटको अझरामो सम्बोधन तथा तथ्यमा आधारित नीतिगत निर्णय गर्न सहयोग पुऱ्याउने उद्देश्य रहेको छ।
- जिल्लास्तरीय सरकारी निकाय, संयुक्त राष्ट्र संघ, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्था, नागरिक समाज र निजी क्षेबाट २,५०० भन्दा बढि विज्ञहरू रहेको खाद्य सुरक्षा सञ्जालहरू परिचालन गरी गा.वि.स.स्तरको खाद्य सुरक्षा अनुगमन तथा तथ्याङ्क विश्लेषण गर्दछ । हाल देशको ७५ जिल्ला मध्ये ७४ जिल्लामा सञ्जाल कार्यरत छन्।
- आवधिक खाद्य सुरक्षा बुलेटिन तथा नक्साका साथै नेपाल खाद्य सुरक्षा बुलेटिन, बाली अवस्था जानकारी (खाद्य तथा कृषि संगठन सँग), बजार अवलोकन (नेपाल उद्योग वाणिज्य महासंघ र उपभोक्ता हित संरक्षण मञ्चसँग) प्रकाशन गर्दछ । खाद्य सुरक्षाबारे गहन रूपमा विश्लेषित प्रतिवेदन समेत प्रकाशन गर्दछ।
- प्रतिवेदनहरु नेपाल सरकारका राष्ट्रिय, क्षेत्रीय र जिल्लास्तरका पदाधिकारीहरूका साथै दातृ निकाय, विपद तथा विकासका क्षेत्रमा कार्यरत संस्थाहरूलाई सम्प्रेषण गर्दछ।

थप जानकारीका लागि कृपया नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको वेब साइट www.neksap.org.np हेर्नुहोला ।

# # #

**थप जानकारीका लागि कृपया सम्पर्क गर्नुहोलाः**

**नेपाल सरकारको सम्पर्क ठेगानाः**

दिनेश भट्टराई, उप सचिव, कृषि तथ्याङ्क शाखा, कृषि विकास मन्त्रालय

bhattarai_007@yahoo.com, मोबाइल +977 98415 00758

**विश्व खाद्य कार्यक्रमको सम्पर्क ठेगानाः**

पुष्प श्रेष्ठ, NeKSAP राष्ट्रिय संयोजक, विश्व खाद्य कार्यक्रम नेपाल,

pushpa.shrestha@wfp.org, मोबाइल +977 98510 00562

**युरोपियन युनियनको सम्पर्क ठेगानाः**

अमर मैनाली, प्रेस तथा सूचना अधिकृत, युरोपियन युनियन,

Ambar.Mainali@eeas.europa.eu, मोबाइल ++977-1-4429445 ext 106